# प्रदेश सरकार, प्रदेश नं. ५, मन्त्रिपरिषद्को निर्णय

**प्र.मं.प.बै.सं. ९/२०७६**

**२०७६ साल असार ३१ गते मंगलवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम संचालन कार्यविधि, २०७५ संशोधन गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर गर्न प्रदेश राजपत्रमा सूचना प्रकाशित गर्नका लागि स्वीकृती प्रदान गर्ने ।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

४. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः-** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित पर्यटन सेवा, प्राईभेट फर्म र साझेदारी फर्मसम्बन्धी, वनजन्य पैदावार (जडिबुटी तथा अन्य गैरकाष्ठ समेत) र कबुलियती वनको निर्धारित शुल्क तथा दस्तुर स्वीकृत गर्ने।

५. **सामाजिक विकास मन्त्रालयः-** कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश नं. ५ मा समायोजन भएका स्वास्थ्य सेवा एघारौं तहका कर्मचारीहरूलाई पदस्थापना गर्ने।